स्थानीय सरकार

# अजयमेरु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

प.सं.- ०८०/०८१
च.नं.-

ईमेल: info@ajayamerumun.gov.np
वेबसाइट:www.ajayamerumun.gov.np

मिति: २०८१।०१।११

ने.सं.- ११४४, चौलाथ्व १५, मंगलवार

**करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/११)

अजयमेरु गाउँकार्यपालिकाको मिति २०८१/०१/०९ गतेको निर्णय अनुसार यस कार्यालय अन्तर्गत तपसिलका रिक्त पदहरूमा खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वक यस कार्यालयमा दरखास्त पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम यस कार्यालयको वेबसाइट www.ajayamerumun.gov.np बाट समेत उपलब्ध हुनेछ।

तपसिल:

| क.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | ४/०८०/०८१ | मेडिकल अधिकृत (आठौं) | १ | -मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उत्तीर्ण भएको<br>-भिडियो एक्स-रे, एक्स- रे तथा ई सि जि सम्बन्धी कार्य अनुभव भएको |
| २ | ५/०८०/०८१ | अ.हे.व. | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरेको |
| ३ | ६/०८०/०८१ | का.स. | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको |

१. उम्मेदवारको उमेर हद: विज्ञापन नं. ४/०८०/०८१ को हकमा २१ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको (महिला र अपांगता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४५ वर्ष ननाघेको। र बाँकी विज्ञापनको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा माथिल्लो उमेर हद ४० वर्ष ननाघेको)

२. दरखास्त दिने अन्तिम मिति: २०८१/१/२५ गतेसम्म

३. दरखास्त दस्तुर: विज्ञापन नं. ४/०८०/०८१ को हकमा १,२००।-, विज्ञापन नं. ५/०८०/०८१ को हकमा ५००।- र विज्ञापन नं. ६/०८०/०८१ को हकमा ३००।-

४. दस्तुर बुझाउने माध्यम: अजयमेरु गाउँपालिकाको आन्तरिक राजश्व खाता नं.ग.1.1-14404010000011 ग्लोबल आई.एम.ई बैंकमा दस्तुर बुझाउन सकिनेछ।

५. छनौटको किसिम: विज्ञापन नं. ४/०८०/०८१ र ६/०८०/०८१ को हकमा अन्तर्वार्ता र विज्ञापन नं. ५/०८०/०८१ को हकमा लिखित र अन्तर्वार्ता

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

२०८१।०१।११
दिलिप कुमार बोहरा
प्रमुख प्रशासकीय अधिकृत

"समावेशी र सन्तुलीत विकास
समृद्ध अजयमेरुको मूल आधार"

- नागरिकता प्रमापत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरू, सम्बन्धीत काउन्सिल दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्र, अनुभव भए सोको कागजात र २ प्रति पासपोर्ट साईजको फोटो।
- कार्यालय सहयोगीको हकमा काउन्सिल दर्ताको प्रमाण-पत्र आवश्यक पर्नेछैन।

**७. दरखास्त दिने माध्यमः** दरखास्त दिने उम्मेदवारले स्वयं कार्यालयमा उपस्थित भई दरखास्त दिन सकिने साथै अजयमेरु गाउँपालिकाको ईमेल ठेगाना info@ajayamerumun.gov.np / ajayamerugaupalika@gmail.com बाट समेत दरखास्त दिन सकिनेछ।

**८.पारिश्रमिक सेवा सुविधाः** गाउँपालिकाको निर्णय अनुसार ।

**९. काम गर्नु पर्ने स्थानः** विज्ञापन नं. ४/०८०/०८१ को हकमा भद्रपुर आधारभूत अस्पताल, अजयमेरु-०३, भद्रपुर, डडेल्धुरा । विज्ञापन नं. ६/०८०/०८१ को हकमा देवल स्वास्थ्य चौकी देवल र विज्ञापन नं. ४/०८०/०८१ को हकमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**१०. सम्पर्क तथा परीक्षा मितिः** पछि प्रकाशित गरिनेछ।

२०८१/०१/१९
जितेन्द्र प्रसाद ओझा
प्रमुख प्रशासकीय अधिकृत